# त्रिवेणी नलगाड नगरपालिका

## जाजरकोट

# वार्षिक नीति तथा कार्यक्रम

आ.व. २०७४।७५

२०७४ साल श्रावण ७ गते

# त्रिवेणी नलगाड नगरपालिकाको नगरसभाको वैठकमा नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलद्धारा प्रस्तुत आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम

त्रिवेणी नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खगेनकोट, जाजरकोट

२०७४ साल श्रावण ७ गते

१. नेपालको संविधान जारी भए पछिको दोश्रो वर्षमा त्रिवेणी नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम यस नगरसभामा प्रस्तुत गर्न पाउदा मलाई खुसी लागेको छ । यसै अवसरमा नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलनको स्मरण गर्न चाहान्छु । लोकतन्त्रको स्थापनार्थ शहिदहरुको त्याग र बलिदानको उच्च सम्मान गर्दछु ।

२. सात दशक लामो संघर्षपछि संविधान सभाबाट नेपालको संविधान जारी भएसंगै लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षताजस्ता महत्वपुर्ण उपलव्धीहरु संस्थागत भएका छन । सवै प्रकारका भेदभावको अन्त्य गरि संवृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशिला खडा भएको छ ।

३. विगत २० वर्ष देखि जनप्रतिनिधि विहिन रहेको स्थानीय निकायलाई संविधान अनुरुप पुर्नसंरचना गरि स्वतन्त्र, पारदर्शि र निश्पक्ष ढंगबाट निर्वाचन सम्पन्न भएकोमा हामीलाई अत्यन्त खुसी लागेको छ । यस निर्वाचनमा राजनितिक दल र नगरबासीको ऐतिहासिक, अभूतपूर्ण र उत्साहजनक सहभागिताको लागि नगरसभा आभार व्यक्त गर्न चाहन्छ ।

४. स्थानीय आवश्यकता तथा प्राथमिकता प्राप्त आयोजनाहरुको छनौट गरि ती आयोजनाबाट दीर्घकालिन तथा गुणस्तरिय प्रतिफल प्राप्त गर्नको लागि प्रभावकारी र जवाफदेहि अनुगमनको व्यवस्था गरिनेछ ।

५. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्ने गरि कार्यक्रमहरु तय गरिनेछ । बजेटको चालुगत खर्चमा न्युनिकरण गरि पुँजीगत खर्च र भौतिक पुर्वाधार विकास तर्फको वजेट व्यवस्थापनमा जोड दिईनेछ ।

६. सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धि, पारदर्शी र गुणस्तरिय बनाउदै लगिनेछ । यस नगरपालिकाको खरिद प्रशासनको क्षमता बढाईनेछ ।

७. यस नगरपालिका अर्न्तगतका राजनितिक पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ । युवाहरुलाई रोजगारी तर्फ अभिप्ररित गर्न विशेषज्ञहरुबाट लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।

८. कृषि वालिहरुमा आत्मनिर्भर हुने नीति तथा कार्यक्रमहरु तय गरिनेछ। सिंचाई, वीउविजनको उपलव्धतामा सुधार गरिनेछ । पशु तथा वाली विमा कार्यक्रमहरु कृषकको वीचमा पुर्‍याईनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गरिनेछ। एक गाउँ एक उत्पादन फलफूल तथा कृषि बालिहरुमा जोड दिईनेछ । स्थानीय स्तरमा पशुपालन, मौरीपालन तथा कृषि उपज व्यवशायलाई प्राथमिकता दिईनेछ।

९. सिंचित क्षेत्र विस्तार गरि कृषि योग्य भुमिमा सिंचाई सेवा उपलव्ध गराउन आवश्यक व्यवस्था गरिनेछ । नहर प्रणालीको सुधार, पून निर्माण तथा मर्मतमा जोड दिईनेछ।

१०. उज्यालो नेपाल अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विद्युत क्षेत्रको विकास र विस्तार गरिनेछ। विद्युत चुहावट नियन्त्रण गरिनेछ।

११. स्थानीय स्तरमा सडक सञ्जालको विकास र विस्तारमा विशेष जोड दिईनेछ। घोरेटो, गोरेटो बाटो तथा प्रत्येक वडा कार्यालयहरुमा सडकको पहुँच पुर्‍याईनेछ।

१२. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । प्राथमिकता प्राप्त खानेपानी आयोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड दिईनेछ।

१३. पर्यटन क्षेत्रको प्रर्वद्धन गर्न स्थानिय स्तरमा रहेका पर्यटकिय, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको विकास, विस्तार र व्यवस्थित गरि प्रचार प्रसार गरिनेछ।

१४. स्थानीय स्तरका लोपोन्मुख जाति, आदिवासी, जनजातिको भाषा, संस्कृति र सम्पदाको संरक्षण र विकासमा जोड दिईनेछ।

१५. वातावरण तथा जलबायुमैत्री पुर्वाधार विकासमा जोड दिईनेछ । वनको वैज्ञानिक व्यवस्थापन गरि वनलाई आम्दानीको श्रोतको रुपमा विकास गर्न वनजन्य उपजहरुमा कर लगाईनेछ ।

१६. उद्यमशिलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न स्वरोजगार कोषको स्थापना गरिनेछ । उक्त कोष मार्फत वेरोजगार युवाहरुलाई सीपमुलक तालिम दिईनेछ । युवाहरुलाई कृषि तर्फ आर्कषित गरि आधुनिक र व्यवशायमुलक कृषिमा जोड दिईनेछ । खेलकुद क्षेत्रको विकासका लागि खेलकुद सामग्री तथा खेलकुद मैदानको निर्माणको व्यवस्था गरिनेछ ।

१७. शिक्षा र स्वास्थ्य क्षेत्रलाई व्यवस्थित गरि गुणस्तरिय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाईनेछ । गरिव तथा विपन्न वर्गलाई शिक्षा र स्वास्थ्यमा विशेष प्राथमिकता दिईनेछ । टुहुरा वालवालिकाहरुलाई माध्यामिक तहसम्म निशुल्क शिक्षा प्रदान गरिनेछ ।

१८. लैंगिक समानता, महिला सशक्तीकरण, महिला सहभागिता वृद्धि गर्ने खालका कार्यक्रमहरुमा जोड दिईनेछ । आमा र नवजात शिशुको सुरक्षाको लागि अस्पताल तथा स्वास्थ्य चौकीहरुमा गई सुत्केरी गराए वापत सुत्केरी महिलालाई प्रोत्साहन स्वरुप सुत्केरी भत्ता रकममा दोव्वर वृद्धि गरिनेछ ।

१९. महिला, आदिबासी जनजाति, दलित, गरिव, विपन्न वर्ग, अपांग र जेष्ठ नागरिक केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिकलाई सम्मान तथा अशक्त, अपांगहरुलाई सिपमुलक तालिम प्रदान गरि स्वआर्जन गर्ने क्षमताको विकास गरिनेछ ।

२०. स्थानीय तहको न्याय प्रणालीलाई स्वच्छ, सक्षम, पारदर्शी तथा जवाफदेही बनाउदै लगिनेछ ।

२१. वालविवाह गर्ने परम्परालाई न्युनिकरण गरि समाजमा उत्पन्न हुने विभेद, उत्पीडन, शोषण तथा अन्यायको अन्त्य गरि सामाजिक न्याय र समानता कायम गरिनेछ ।

२२. नगरमा मानविय मर्यादा कायम राख्न प्रत्येक नगरवासी महानुभावहरुले सम्मानपुर्वक बाँच्न पाउने वातावरण बनाउन नगरपालिका सदैव प्रतिवद्ध रहेको उद्घोष गर्दछ । साथै नागरिक अधिकारको सिमा भित्र रही आवश्यक वातावरण तयार गर्न अगाडी बढ्नेछ ।

२३. नागरिकको सुचना, सञ्चारको हकको प्रत्याभुति गर्न नगरमा अनलाईन मिडियाको प्रर्वद्धन गरिनेछ र एफ एम रेडियो स्थापना गर्न प्रोत्साहन गर्न आवश्यक समन्वय गरिनेछ । संचार क्षेत्रको विकासलाई प्राथमिकतामा राखिनेछ र कानुन प्रतिकुल नहुने गरि जिल्लामा कानुनी हैसियत प्राप्त संचार माध्यमलाई सवै माध्यमबाट प्रोत्साहन गरिनेछ ।

२४. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरि कृषिमा आत्मनिर्भर बनाउने दृष्टिकोण राखि वडाका विभिन्न क्षेत्रलाई पकेट क्षेत्र घोषणा कार्यलाई अभियानको रुपमा अगाडी बढाईने छ  र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवशायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने कार्य अगाडी बढाईनेछ । खाद्य पोषण, खाद्य सुरक्षा र खाद्य संम्प्रभुताको प्रत्याभुत गराउन आवश्यक व्यवस्था गरिनेछ ।

२५. नगरका सम्पुर्ण काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शि बनाई नागरिक प्रति जिम्मेवार बनाउन नगरपालिकामा रहेको सार्वजनिक महत्वको सुचनामा नगरवासीको पहुचलाई सरल र सहज बनाउन र नगरपालिका र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशिल सुचनाको संरक्षण गरिनेछ तथा नागरिकको सुसुचित हुने हकलाई संरक्षण गरिनेछ ।

२६. नगरपालिकालाई क्रमश वातावरण मैत्री **Green City** नगरपालिका घोषणा गर्न नमुनाका रुपमा यो वर्ष केही वडालाई वातावरणमैत्री वडा घोषणा गरिनेछ । वन अतिक्रमन पुर्ण रुपमा निषेध गरिनेछ तथा वनको वैज्ञानिक व्यवस्थापन गरिनेछ । सरकारी, सार्वजनिक, पर्ति जग्गा संरक्षण गरिनेछ । वाढी पहिरोले जोखिमपुर्ण स्थानमा जनसहभागिताको माध्यामबाट वृक्षारोपनलाई अभियानको रुपमा संचालन गरिनेछ । नगरपालिका क्षेत्रमा ल्याण्ड फिल्ड साईटको व्यवस्था

गरिनेछ। चिकीत्साजन्य फोहोर उत्सर्जनमा कडाई गरिनेछ। फोहोरको उत्पादनमा न्युनिकरण गरि पुन चक्रण र पुन प्रयोग गरिनेछ र नदीमा फोहोर मिसाउने कार्यलाई दण्डित गरिनेछ । फोहर व्यवस्थापनमा **Zero tolerance** नीति अवलम्वन गरिनेछ।

२७. नगरपालिकामा स्थापना भएका तथा स्थापना हुने स्वास्थ्य संस्थालाई भवन तथा अन्य चिकित्साजन्य सामाग्रीहरुले भरिपुर्ण गराईनेछ। सुरक्षित मातृत्व, वाल स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा महिलाको प्रजनन अधिकार, महामारी नियन्त्रण, नसर्ने रोग रोकथाम, यौन रोग नियन्त्रण जस्ता विषयलाई प्राथमिकता दिईनेछ।

२८. पाँच वर्ष भित्र नगरपालिकाको सवै वडाहरु पुर्ण सरसफाई युक्त बनाउन एक वर्ष भित्र सवै वडाहरुमा स्वच्छ खानेपानीको सुविधा पुर्याईने छ । कुनै पनि विद्यालय खानेपानीको पहुँचबाट बाहिर रहने छैनन ।

२९. नगरपालिकामा प्रत्येक वालवालिकालाई पहुँचयोग्य समान र गुणस्तरीय शिक्षाको लागि आवश्यक प्रवन्ध गरिनेछ । वाल विवाह, वाल श्रम, वालवालिका विरुद्धको अपराध, मानव वेचविखन विरुद्ध अभियान संचालन गरिनेछ । वालवालिकालाई जोखिम पुर्ण काममा नलगाउन जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ। वालमैत्री नगर घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ।

३०. सामाजिक सुरक्षा पाउने तर पहुँचमा आउन नसकेका जेष्ठ नागरिकलाई विशेष कार्यक्रम संचालन गरि अनिवार्य रुपमा सुविधा लिन सक्ने वातावरण तयार गरिनेछ।

३१. नगरपालिकाको कर प्रशासनमा व्यापक सुधार गरिनेछ। करको दायरा बढाईने छ। श्रोत परिचालनलाई दिगो भरपर्दो बनाई नगरपालिकालाई आत्मनिर्भर, समृद्ध, दिगो विकासयुक्त र सम्मुनत बनाईनेछ।

३२. संघिय तथा प्रदेश कानुन जारी भए पश्चात तोकिए बमोजिम तत्काल नगरपालिका सेवाको गठन गरि संचालन र व्यवस्थापन गरिनेछ।

३३. भौतिक पूर्वाधार अर्न्तगत प्रत्येक वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकता दिईनेछ साथै भवन निर्माणको लागि प्रर्याप्त बजेटको व्यवस्था गरिनेछ ।

३४. सार्वजनिक स्थलमा धुमपान तथा मध्यपान गर्न पाईने छैन धुमपान तथा मध्यपान गर्ने कार्यलाई दण्डित गरिनेछ । १८ वर्ष भन्दा मुनिको वालवालिकालाई मध्यपान तथा धुमपान किनवेचमा संलग्न गराउन पाईने छैन साथै विद्यालय क्षेत्र र स्वास्थ्य चौकी, अस्पताल क्षेत्र देखि १०० मिटर भित्र मदिरा तथा सुर्तीजन्य पदार्थ किनवेच गर्न र गराउन पाईने छैन ।

३५. यस नगरपालिका क्षेत्रमा कार्यस्थल भएका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले आ.व. २०७४।७५ देखि एकद्धार प्रणाली मार्फत नगरपालिका तथा वडा कार्यालयको प्रत्यक्ष नियन्त्रण र समन्वयमा रही आफ्नो योजना, नीति, कार्यक्रम प्रस्तुत गर्नुपर्नेछ । आगामी आ.व. २०७५।७६ देखि स्थानिय स्तरमा गई नगरपालिकाद्धारा स्वीकृत कार्यक्रम तथा आयोजनाहरु छनौट गरि कम्तीमा पनि कुल योजनाहरुको ५० प्रतिशत योजना र कार्यक्रमहरु भौतिक पुर्वाधारहरु तर्फ लक्षित गरिएमा मात्र योजना तथा कार्यक्रम स्वीकृति गर्ने अन्यथा स्वीकृत नगर्ने नीति अवलम्वन गरिनेछ ।

३६. अन्त्यमा, नेपालको संविधान कार्यान्वयनमा सहयोग पुर्‍याउने सवै राजनितिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र लगायत सम्पुर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।